# अमेरिकन फौजीकीरा (Fall Army worm) पहिचान र व्यवस्थापन

## परिचयः

अमेरिकन फौजीकीरा(*Spodoptera frugiperda*) पुतली समुह अन्तर्गत पर्ने रात्रिचर कीरा हो। यो कीरा अमेरिकी महादेशको उत्तर र दक्षिण अमेरिकाको उष्ण हावापानी क्षेत्रको रैथाने कीरा हो। यो कीराले धेरै प्रकारका बाली नाली मा नोक्सानी गर्दछ। मुख्यतः मकै मन पराउने यस कीराले मकै नपाएको अवस्थामा धान, गहुँ, कोदो, उखु तथा घाँसबालीमा समेत व्यापक रुपमा क्षति पुर्याउने गर्दछ यसका साथै बदाम,भटमास,गोलभेडा,आलु जस्ता २७ परिवारका ८० प्रजातिका विरुवाहरुलाइ क्षति गरेको पाइएको छ। उपयुक्त खाना तथा वासस्थानको खोजीमा यो कीराको वयस्क पुतली सय कि.मि सम्म पनि उडेर जान सक्दछ।



पातमा कीराको अण्डा



कीराको लार्भा अवस्था



कीराको वयस्क अवस्था

## क्षतिको लक्षण

यो कीराको लार्भा अवस्थाले विरुवामा हानि पुर्याउँछ। यो कीराले सामान्यतया पातहरु खाने गर्दछ। मकैमा भने यो कीराले मकैको पात, गुभो,जुगा, तथा घोगामा समेत क्षति गर्दछ।लार्भाहरुले पातको तल्लो सतहबाट हरियो भाग खाएर झिल्लीमात्र बाकी राख्दछ जसले गर्दा पातमा सेता लाम्चा झिल्ली सहितका प्वालहरु (Papery window) देखा पर्दछ। क्षति बढ्दै जादा पातमा कीराले खाएका प्वालहरु देखा पर्दछ र पछि पात क्षत विक्षत नै पार्दछ।यो कीराले औसतमा २० देखि ५० प्रतिशत सम्म क्षति गर्दछ।



मकैको पातमा कीराको क्षति



मकैको गुभामा लार्भाको क्षति



मकैको घोगामा कीराको क्षति

**व्यवस्थापन**

नेपाली किसानको खाद्य सुरक्षा तथा आर्थिक अवस्थामा समेत असर पार्ने हुनाले यस कीराको समयमा नै समुचित व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

- **खेति गर्ने तरिका:**
  - ✓ मकै रोप्नु भन्दा अगाडि जमिन गहिरो गरेर खनजोत गर्ने ।
  - ✓ घोगा राम्रो सँग खोष्टाले छोपिने मकैको जात लगाउने ।
  - ✓ वर्षे मकै सकेसम्म ढिलो गरि नलगाउने ।
  - ✓ मकैमा कोसेबाली अन्तरवालीको रुपमा लगाउने ।

- **बाली नालीको नियमित अवलोकन :** बाली विरुवाहरुको नियमित अवलोकन गरि अण्डा वा लार्भा भेटिएमा थिचेर मारिदिने ।

- **मोहिनी पासोको प्रयोग** :भाले कीराहरु आकर्षण गर्नका लागि १ हे जमिनमा कम्तीमा १० वटा फल आर्मी वर्म लयुर युक्त मोहिनी पासो प्रयोग गर्ने ।यो कार्य मकै उम्रेको ५ दिन पश्चात गरिसक्नु पर्दछ र ल्युर भने हरेक महिनामा फेर्नु पर्दछ ।
- **निममा आधारित विषादीको प्रयोग:** बीउ उम्रेको १० दिन पश्चात १०-१२ दिनको फरकमा निममा आधारित विषादी ३ देखि ५ मि.लि प्रति लि पानीमा मिसाएर छर्ने ।

- **परिजीवी कीराको प्रयोग:** *ट्राइकोग्रामा चिलोनिस* प्रति हे १००००० को दरले १ हप्तामा ३ पटकको दरले छाडिदिने ।
- **रासायनिक विधि:**
  - ✓ इमिडाक्लोप्रीड ४८ प्रतिशत एस.एल नामक विषादी ४ मि.लि प्रति केजी बीउमा उपचार गरेर रोप्ने ।
  - ✓ मकैको पातमा प्वाल पारेको तथा गुभोमा क्षतिको लक्षण देखा परेमा इमामेक्टिन बेन्जोएट ५ प्रतिशत एस.जी ०.४ ग्राम प्रति लि पानीमा मिसाएर छर्ने ।
  - ✓ क्लोरएन्टानिलिप्रोल १८.५ प्रतिशत एस.सी ०.४ एम.एल प्रति लि पानी वा स्पाइनोस्याड ४५ प्रतिशत एस.सी ०.३ एम.एल प्रति लि पानीमा मिसाएर छर्ने ।
  - ✓ एउटै विषादी निरन्तर प्रयोग नगरी आलोपालो गरि प्रयोग गर्ने तथा घोगा लागिसकेपछि विषादी प्रयोग नगर्ने ।